थाहा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २०७४ संख्याः ०२ मितिः २०७४/०८/०४

## भाग–२

थाहा नगरपालिका

### *स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा कार्यविधि, २०७४*

**प्रस्तावनाः**

थाहा नगरपालिका निरन्तर दोहोरिइरहने बाढी, पहिरो, महामारी, आगलागी तथा विनाशकारी भूकम्पको जोखिममा रहेको नगरपालिका हो । यस सन्दर्भमा विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा पूर्वतयारी तथा जोखिम न्यूनीकरण कार्य र रातह वितरणलाई विशेष महत्व दिइएको छ । विपद् जोखिम व्यवस्थापनको सवाललाई विकास योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्ने क्रममा जिम्मेवार निकायले पहल कदमी लिन आवश्यक भइसकेको छ । यस परिस्थितिमा विपद् जोखिम व्यवस्थापनलाई केन्द्रदेखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात् गर्दै दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न, प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वमित्व स्थापित हुनेगरी स्थानीय स्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्दै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन "विपद् जोखिम व्यवस्थापन तथा राहत वितरण कार्यविधि २०७४" नेपालको संविधानको धारा २२६ (१) बमोजिम यो कार्यविधि बनाई लागू गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) **यस कार्यविधिको नाम** "विपद् जोखिम व्यवस्थापन तथा राहत वितरण कार्यविधि २०७४" रहेको छ ।

स्थानीय राजपत्र

**(२) यो कार्यविधि थाहा नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागूहुनेछ ।**

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

**(क) कार्यविधि भन्नाले "विपद् जोखिम व्यवस्थापन तथा राहत वितरण कार्यविधि २०७४" सम्झनु पर्दछ ।**

**(ख) "स्थानीय विपद व्यवस्थापन समिति" भन्नाले स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ को अनूसूची १ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।**

**(ग) "दैवी प्रकोप" भन्नाले बाढी, महिरो, आगलागी, भू-कम्प, आँधीबेरी, अतिवृष्टी, अनावृष्टी, पशुपंक्षी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी, प्राकृतिक कारणले हुने सडक दुर्घटना जस्ता दैवी प्रकोप सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना समेतलाई जनाउनेछ ।**

**३. कोषको स्थापना :**

**(१) स्थानीय विपद व्यवस्थापन कोष नाम गरिएको एक कोष खडा गरिनेछ ।**

**(२) बुँदा नं. (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-**

**(क) थाहा नगरपालिकाको नगरसभाबाट विनियोजित विपद व्यवस्थनपन कोषसंग सम्बन्धीत रकम,**

**(ख) विकास साँझेदार संस्था, स्थानीय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम,**

**(ख) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,**

**(ङ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त रकम ।**

**(३) कोष आवर्ती कोष (रिभल्भिङ फण्ड) को रुपमा सञ्चालन गरिनेछ ।**

***४. कोषको प्रयोग : कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ :***

**(क) दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने व्यक्तिको उद्धार र सम्पत्तिको संरक्षण गर्ने,**

**(ख) दैवी प्रकोपबाट पीडित व्यक्तिको तत्कालीन राहतका लागि अस्थायी शिविर खडा गर्ने,**

**(ग) दैवी प्रकोपबाट पीडित व्यक्तिको भरण पोषण तथा जीवन निर्वाहका लागि तत्काल आवश्यक पर्ने साद्यान्न, लत्ता कपडा, औषधी, शैक्षिक सामग्री जस्ता अत्यावश्यक वस्तु खरिद गर्ने,**

**(घ) दैवी प्रकापको कारणबाट घाइते वा विरामी भएको व्यक्तिको औषधी उपचार गर्ने,**

**(ङ) दैवी प्रकोपको कारणबाट देहावसान भएका व्यक्तिको काजक्रिया वा सदगतका लागि मृतकका आफन्तका लागि आर्थिक सहायता गर्ने,**

**(च) दैवी प्रकोपको कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,**

**(छ) दैवी प्रकोपबाट पीडित व्यक्तिको अस्थायी रुपमा आश्रयस्थल बनाउने वा पुनर्स्थापना गर्ने,**

स्थानीय राजपत्र

(ज) दैवी प्रकोपबाट पीडित व्यक्तिको आवासीय घर वा निजको पेशासँग सम्बन्धित औजार, वर्कशप मर्मतका लागि आर्थिक सहायता प्रदान गर्ने,

(झ) दैवी प्रकोप रोकथामका लागि सचेतमूलक कार्यक्रम संचालन गर्ने, पूर्वसावधानी अपनाउने वा पूर्व तयारी (प्रिपेयर्डनेश) गर्ने ।

**५. कोषको रकम प्रयोग हुन नसक्ने** : बुँदा नं. ४ मा जेसुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) दैवी प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

**६. कोष संचालन समितिको गठन**

क) "विपद् जोखिम व्यवस्थापन तथा राहत वितरण कार्यविधि २०७४" को कोष संचालनको लागि देहाय बमोजिमको संचालन समिति रहने छ ।

| | |
|---|---|
| १. संयोजक | : थाहा नगरपालिकाको मेयर संयोजक |
| २. सदस्य | : कार्यकारी अधिकृत |
| ३. सदस्य | : लेखा शाखाको प्रमुख |
| ४. सदस्य | : सूचना तथा अभिलेख शाखा |
| ५. सदस्य सचिव | : विपद शाखा प्रमुख |

**७. समितिको बैठक**

क) त्रैमासिक मासिक रुपमा एक पटक अनिवार्य बैठक बस्ने छ ।

ख) आवश्यकता अनुसार अन्य समयमा पनि बैठक बस्न सक्नेछ ।

**८. कोषको संचालन विधि**

नगरपालिकाको खाता संचालन गर्ने प्रकृया अनुसार कोष संचालन हुनेछ ।

**९. राहत वितरण सम्बन्धमा:**

अनूसूची १ बमोजिम हुने छ ।

**९. विविध**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था कोष संचालन समितिको निर्णय बमोजिम हुनेछ ।

स्थानीय राजपत्र

ख) यो कार्यविधि समयानुसार परिमार्जन गर्न सकिनेछ ।

## अनुसुची–१
## (बुदाँ ९ संग सम्बन्धित)

| क्र.सं. | विवरण | राहत रकम |
|---|---|---|
| १. | दैवी प्रकोपमा परी व्यक्तिको मृत्यू भएमा (प्रति व्यक्ति) | रु.१५,०००/– |
| २. | दैवी प्रकोपमा परी अंगभङ्ग भएमा अस्पतालसम्म पुग्न यातायात खर्च दिने (प्रति व्यक्ति) | रु.४,०००/– |
| ३. | दैवी प्रकोपमा परी घरबार विहिन भएमा (प्रति धुरी) | रु.१०,०००/– |
| ४. | एकै घर धुरीमा २ भन्दा बढि परिवार रहेमा (प्रति परिवार थप) | रु.५,०००/– |

आज्ञाले,

नामः हरिलाल पुरी

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र